Norway

SUOMI
FINLAND

UNDP

# वातावरणमैत्री स्थानीय शासन

## तालिम पाठ्यक्रम तथा इ-मोड्युल तयारी

**Development of Training Curriculum and E-Module of Environment Friendly Local Governance (EFLG)**

# इन्फोग्राफ

# (Infographs)

**२०८३**

(June 2026)

**Renewable Energy for Resilient Agri-Food Systems**
**कृषि खाद्य प्रणालीको लागि नवीकरणीय ऊर्जा**

**RERAS**

# वातावरणमैत्री स्थानीय शासन

तत्कालिन स्थानीय विकास मन्त्रालयले सम्बन्धित मन्त्रालय तथा निकायहरुसँगको छलफल र लिखित सहमति लिएर तयार गरी बिक्रम सम्बत २०७० साल असोज २३ गते नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत भएको वातवरणमैत्री स्थानीय शासन प्रारूप, २०७० लाई स्थानीय वातावरणको क्षेत्रमा एउटा महत्वपूर्ण अवधारणाको रुपमा लिईन्छ ।देशले सङ्घीय शासन प्रणाली अवलम्बन गरेपछि उक्त प्रारुपलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले परिमार्जन गरि २०७८ साल असार १५ गते स्वीकृत गरी कार्यन्वयनमा ल्याएको हो ।

वातावरणमैत्री स्थानीय शासन (Environment Friendly Local Governance/EFLG) भन्नाले स्थानीय तहमा शासन, योजना, नीति, कार्यक्रम र सेवा प्रवाहका सबै गतिविधिहरूमा वातावरण संरक्षण, दिगोपन, स्वच्छता, विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका अभ्यासहरूलाई समावेश गर्ने प्रक्रियालाई जनाउँछ।यसको मूल उद्देश्य सफा, हरित, सुरक्षित, दिगो विकासमुखी र जलवायु सम्बेदनशील स्थानीय शासन प्रणाली निर्माण गर्नु हो, जसले समुदाय, अर्थतन्त्र र प्राकृतिक स्रोतबीच सन्तुलन कायम गर्न सहयोग पुर्‍याउँछ।

वातावरणमैत्री स्थानीय शासन पद्धतिको अवलम्बनद्वारा स्वच्छ, सुन्दर र वातावरणमैत्री समाजको सिर्जना गर्नु यसको मुख्य उद्देश्य रहेको छ ।अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

स्थानीय योजना प्रक्रियामा वातावरण संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाई, फोहरमैला व्यवस्थापन, जैविक बिबिधताको संरक्षण, जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन सम्बन्धी विषयहरूलाई मूलप्रवाहीकरण र स्थानीयकरण गर्नु,

जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापनका सन्दर्भमा घरपरिवार तहसम्मका काम कर्तब्य र जिम्मेवारी तथा हाशिल गर्नुपर्ने नतिजाको सम्बन्धमा प्रष्ट पार्नु,

घर परिवार, समुदाय र स्थानीय तहहरुलाई सकारात्मक प्रतिष्पर्धाको माध्यमवाट वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन प्रोत्साहित गर्नु,

वातावरण संरक्षण र दिगो बिकासका लागि सरोकारवालाहरुबीच आर्थिक एवं प्राबिधिक सहयोग तथा सहकार्यको वातावरण सिर्जना गर्नु ।


इस इन्फोग्राफमा वातावरणमैत्री स्थानीय शासनको बारेमा केही जानकारीका साथै वातावरणमैत्री स्थानीय शासनको तालिम पाठ्यक्रम तथा इ मोड्युल तयारी प्रकृयामा भएको सहभागीतालाइ चित्र मर्फत प्रस्तुत गरिएको छ ।

चित्र १



वातावरणमैत्री स्थानीय शासन अवलम्बन
लगानीको लागि स्रोतको सुनिश्चितता
जनशक्तिको आवश्यकता/ उपलब्धता
अभिलेख/ प्रतिवेदन
लगानीको लागि स्रोतको सुनिश्चितता
जनशक्तिको आवश्यकता/ उपलब्धता
अभिलेख/ प्रतिवेदन

चित्र २



वातावरणमैत्री स्थानीय शासन कार्यान्वयन प्रक्रिया
1
प्रचार–प्रसार
स्वच्छ वातावरण
स्वस्थ समुदाय
समृद्ध भविष्य
• घर–परिवार तह
• टोल/बस्ती तह
• वडा तह, गाउँ तथा नगरपालिका तह
2
तथ्याङ्क सङ्कलन, विश्लेषण अद्यावधिक
• स्थानीय तह
• साझेदार तथा सहयोगी निकाय
• टोल–समुदाय
3
संस्थागत व्यवस्था
वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति,
वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समिति
वातावरणमैत्री स्थानीय शासन वडा समन्वय समिति
4
क्षमता विकास
• टोल–समुदाय तह
• वडा तह
• गाउँपालिका/नगरपालिका तह
स्वच्छ वातावरण | स्वस्थ समुदाय | दिगो विकास | सहभागिता र साझेदारी | समन्वय र एकीकृत दृष्टिकोण | नवप्रवर्तन र प्रविधि प्रयोग

**चित्र ३**



सूचकहरुको क्षेत्रगत विभाजन
1
खानेपानी, सरसफाई, स्वास्थ्य र फोहरमैला व्यवस्थापन
स्वच्छ पानी, सरसफाई, स्वास्थ्य सेवा र फोहरमैला व्यवस्थापनमा सुधार
2
भौतिक पूर्वाधार विकास, नवीकरणीय ऊर्जा, स्थानीय सडक र यातायात व्यवस्थापन
दिगो पूर्वाधार, नवीकरणीय ऊर्जा प्रयोग, गुणस्तरीय सडक र सुरक्षित यातायात
3
वन वातावरण र भूसंरक्षण
वन संरक्षण, जैविक विविधता, भूसंरक्षण र दिगो प्राकृतिक स्रोत व्यवस्थापन
4
बस्ती विकास, भवन मापदण्ड, भूउपयोग तथा व्यवस्थापन
योजनाबद्ध बस्ती विकास, भवन मापदण्ड कार्यान्वयन, भूउपयोग योजना र सुव्यवस्थित व्यवस्थापन
5
जलवायु परिवर्तन तथा जलवायु उत्थानशील कृषि (Climate Resilient Agriculture), खाद्य सुरक्षा,
जलवायु जोखिम न्यूनीकरण, जलवायु उत्थानशील कृषि प्रवर्द्धन र खाद्य सुरक्षा सुनिश्चितता
6
हरियाली प्रवर्द्धन, करेसाबारी र अन्य
हरियाली विस्तार, करेसाबारी प्रवर्द्धन, जैविक उत्पादन र दिगो जीवनशैली प्रवर्द्धन
स्वच्छ वातावरण
स्वस्थ समुदाय
सहभागिता र साझेदारी
दिगो विकास
समृद्ध स्थानीय शासन


चित्र ४

## वातावरणमैत्री स्थानीय शासनका जम्मा सूचक सङ्ख्या


| क्षेत्र | घरपरिवार तह | टोल तह | वार्ड तह | पालिका तह | जिल्ला तह | जम्मा |
|---|---|---|---|---|---|---|
| आधारभूत सूचक संख्या | २१ | ५ | २६ | ४४ | १२ | १०८ |
| परिष्कृत सूचक संख्या | १४ | ३ | २८ | ७० | ११ | १२६ |
| जम्मा | ३५ | ८ | ५४ | ११४ | २३ | २३४ |

## चित्र ५


## वातावरणमैत्री स्थानीय शासन गाउँपालिका तहका सूचकहरु




## चित्र ६
## वातावरणमैत्री स्थानीय शासन नगरपालिका तहका सूचकहरु




## चित्र ७
## वातावरणमैत्री कार्यालयका सूचकहरु



## चित्र ८
## प्रदेश अनुसार वातावरणमैत्री स्थानीय शासन इ-मोड्युलको नमूना परीक्षण तथा प्रशिक्षक प्रशिक्षणका सहभागीहरु




## चित्र ९
## वातावरणमैत्री स्थानीय शासन इ-मोड्युलको नमूना परीक्षण तथा प्रशिक्षक प्रशिक्षणका सहभागीहरु




चित्र १०

वातावरणमैत्री स्थानीय शासन  इ-मोड्युलको नमूना परीक्षण तथा प्रशिक्षक प्रशिक्षणका सहभागीहरु



## चित्र ११
## वातावरणमैत्री स्थानीय शासन इ-मोड्युलको अन्तिम प्रमाणीकरण गोष्ठीका सहभागीहरू



चित्र १२

वातावारणमैत्री स्थानीय शासन तालिम पाठ्यक्रम तथा  इ-मोड्युल तयारी प्रमुख बैठक, गोष्ठी तथा तालिमका सहभागीहरू

